# महालक्ष्मी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,
जितपुर, धनकुटा

प्रदेश नं. १, नेपाल


पत्र संख्याः- ०७६/७७
चलानी नं. – १९८५

मितिः- २०७६।१२।१३

श्री वडा कार्यालय (सवै)

**विषयः कोरोना भाईरस रोग (COVID-19)को रोकथाम र नियन्त्रणमा सतर्कता अपनाई आवश्यक तयारी गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौं (सङ्घीय मामिला महाशाखा) को प.स. २०७६/७७, च.नं. ३९८, मितिः२०७६/१२/१२ को पत्रबाट विश्वव्यापी महामारीको रुपमा फैलिरहेको COVID-19 को रोकथाम र नियन्त्रणमा उच्च सतर्कता अपनाउन विभिन्न विवरणहरु तयार गर्नु पर्ने भनी माग भएको हुँदा तहाँ वडा कार्यालयबाट वडा भित्रका अनौपचारिक क्षेत्र (जस्तैः इटाभट्टा गलैचा कारखाना गार्मेण्टस )मा दैनिक ज्यालादारी काम गरी जीवनयापन गर्नुपर्ने अवस्थाका परिवारका सदस्य संख्या वसोबास स्थल र आश्रित व्यक्ति समेतको लगत संकलन गरी पठाउन भनिएको हुँदा सो कार्यका लागि आवश्यक तथ्याङ्क सङ्कलन गरी महालक्ष्मी नगरपालिकाको इमेल mahalaxmimunjitpur@gmail.com मा यथाशिघ्र पठाउन अनुरोध छ । साथमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र समेत संलग्न गरी पठाएको व्यहोरा अनुरोध छ ।

सूर्यप्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंह दरवार काठमाडौं ।
श्री सूचना तथा प्रविधि उपशाखा, Website मा Upload गरिदिनुहुन ।


फोन नं. ०२६-६११६८६,७०० प्रमुख ९८५२०७०१२३ उप-प्रमुख ९८५२०७०१२४ प्रमुख प्रशासकीय अधिकृत ९८५२०७०१२१
Email: mahalaxmimunjitpur@gmail.com Web. http:// www.mahalaxmimundhankuta.gov.np

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सङ्घीय परिचालन महाशाखा)

सिंहदरबार, काठमाडौं।
फोन नं: ०१-४२००५११

प सं
च नं: ३९८

मितिः २०७६।१२।१२

श्री प्रमुख प्रशासकीय अधिकृतहरु,
गाउँपालिका तथा नगरपालिका (सबै) ।

विषयः COVID-19 को रोकथाम र नियन्त्रणमा उच्च सतर्कता अपनाई आवश्यक तयारी गर्ने।

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको COVID-19 को रोकथाम र नियन्त्रणमा उच्च सतर्कता अपनाई आवश्यक तयारी गर्न मन्त्रालयबाट यस अघि पटक पटक सजग गराई सकिएको छ । यस सम्बन्धमा स्थानीय तहबाट भइरहेको सजगता र सकृयता सह्राहनीय रहेको कुरा स्मरण गर्दै त्यहाँबाट निम्न विषयमा थप तयारी गर्नु हुन र यसरी तयार भएको विवरण मन्त्रालयको इमेल dreportingsystem@gmail.com मा पठाउनु हुन अनुरोध गर्दछु ।

तयार गर्नुपर्ने विवरणः

१. स्थानीय तह बाहिरबाट आउने व्यक्तिहरुलाई प्रवेशस्थलबाटै सुरक्षा निकायको सहयोगमा क्वारेण्टाइनमा राख्ने व्यवस्था मिलाउने । व्यक्तिको निजी घरमा नै क्वारेण्टाइनमा बस्न सक्ने पर्याप्त आधार भएको अवस्थामा सम्बन्धित व्यक्तिको घरमा नै क्वारेण्टाइनमा बस्ने व्यवस्था मिलाउने ।

२. वडाध्यक्ष तथा वडा समितिका सदस्यहरु, राष्ट्रसेवक, महिला स्वास्थ्य स्वयंसेविका लगायत अन्य स्वयंसेवकहरुलाई परिचालन गरी विदेशबाट आउने व्यक्तिहरुको विवरण सङ्कलन गरी निगरानीमा राख्ने । COVID-19 का कुनै लक्षण देखिएमा तत्काल स्वास्थ्यसंस्थामा पठाउने व्यवस्था मिलाउने (क्वारेण्टाइन सञ्चालन एवम् व्यवस्थापन मापदण्ड स्वीकृत भइसकेको छ)।

३. स्थानीय तहभित्र सञ्चालनमा रहेका बृद्धाश्रम, बालगृह, धर्मशाला, मन्दिर, बौद्धविहार, मस्जिद जस्ता सामुहिक आवास रहेका स्थानहरुमा बसोबास गर्ने व्यक्तिहरुको अवस्था अनुगमन गरी

Scanned with CamScanner

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(संघीय मामिला शाखा)

प सं:

च नं: ३५८

सिंहदरबार, काठमाडौं।

फोन नं: ०१-४२००५११

लगत सङ्कलन गर्ने । साथै, निजहरुको न्यूनतम जीवनयापन सहज हुने गरी आवश्यक व्यवस्था मिलाउन समन्वय र सहजीकरण गर्ने ।

४. वडाभित्र अनौपचारिक क्षेत्र (जस्तै: इटाभट्टा, गलैंचा कारखाना, गार्मेण्टस)मा दैनिक ज्यालादारीमा काम गरी जीवनयापन गर्नुपर्ने अवस्थाका परिवारको सदस्य सङ्ख्या बसोबासस्थल र आश्रित व्यक्ति समेतको लगत सङ्कलन गर्ने ।

२०७६/१२/११

(बसन्त अधिकारी)

सह सचिव

बोधार्थ:

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार।

श्री गृह मन्त्रालय, सिंहदरबार ।

श्री अध्यक्ष। प्रमुखज्यूहरु,

गाउँपालिका तथा नगरपालिका (सबै) : आवश्यक सहयोग र समन्वयका लागि ।

Scanned with CamScanner